# गैंडाकोट राजपत्र

खण्ड :०५ संख्या :८ मिति : २०७९/११/०३

## भाग □०१

## गैंडाकोट नगरपालिका

नेपालको संविधान बमोजिम गैंडाकोट नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

### गैंडाकोट नगरपालिका खेलकुद विकास ऐन, २०७९

**प्रथम पटक संशोधन मिति :- २०८०/०९/२६**

प्रस्तावनाः गैंडाकोट नगरपालिकामा खेलकुद, खेल संस्कृतिको विकास, खेलकुद पूर्वाधार निर्माण, खेलाडीको व्यवसायिक सुरक्षा, वडास्तरीय, नगरस्तरीय, प्रदेश, राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता तथा खेलकुद क्षेत्रको समग्र विकास गर्न आवश्यक भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१) बमोजिम गैंडाकोट नगरपालिकाको बाह्रौं नगर सभाले यो ऐन बनाएको छ।

**१) संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "गैंडाकोट नगरपालिका खेलकुद विकास ऐन २०७९" रहको छ।

(२) यो ऐन गैंडाकोट नगरपालिकाको राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ।

**२) परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,**

क) "अध्यक्ष" भन्नाले दफा ३ बमोजिम गठित नगर खेलकुद विकास समितिको अध्यक्ष सम्झनु पर्छ।

ख) "खेलकुद सम्बन्धी संस्था" भन्नाले दफा १२ बमोजिम दर्ता भएको संस्था सम्झनु पर्छ।

ग) "प्रमुख" भन्नाले गैंडाकोट नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

घ) "उप प्रमुख" भन्नाले गैंडाकोट नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्छ।

ङ) "खेलकुद समिति" भन्नाले दफा ३ बमोजिम गठित भएको नगर खेलकुद विकास समिति सम्झनु पर्छ।

च) "प्रमुख प्रशासकीय अधिकृत" गैंडाकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

छ) "सदस्य–सचिव" भन्नाले दफा ३ बमोजिम नगर खेलकुद विकास समितिको सदस्य सचिव सम्झनु पर्छ।

ज ) "समिति" भन्नाले दफा बमोजिम गठित भएको खेलकुद विकास समिति सम्झिनु पर्छ।

झ) "नगरपालिका" भन्नाले गैंडाकोट नगरपालिकालाई सम्झनु पर्छ।

ञ) "कार्यपालिका सदस्य" भन्नाले गैंडाकोट नगर रपालिकाको कार्यापालिका सदस्यलाई सम्झनु पर्छ।

ट) "सदस्य' भन्नाले दफा ३ बमोजिमको समिति सदस्य सम्झिनु पर्दछ र सो शब्दले समितिको अध्यक्ष र सदस्य–सचिव समेतलाई जनाउनेछ।

ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिए वा तोकिए बमोजिम सम्झनुपर्छ।

*** ३. नगर खेलकुद विकास समितिः**

१) नगरमा खेलकुदको विकास गर्नको लागि १३ सदस्यीय नगर खेलकुद विकास समिति गठन हुनेछ।

२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहायका सदस्य रहनेछन्।

क) नगर प्रमुखले तोकेको नगर कार्यपालिकाको सदस्य – अध्यक्ष

ख) नगर कार्यपालिकाले मनोनित गरेको खेलकुद संग सम्बन्धित व्यक्ति – उपाध्यक्ष

ग) नगर कार्यपालिकाले मनोनित गरेको नगर सभा सदस्य एक जना – सदस्य

घ) विगतमा नगरस्तर तथा जिल्लास्तरमा खेलकुदको क्षेत्रमा खेलाडी वा रेफ्री वा प्रशिक्षक वा व्यवस्थापक भई तीन वर्ष काम गरेको व्यक्ति मध्ये दुई जना महिला सहित नगर कार्यपालिकाले मनोनित गरेको अलग अलग खेलकुद प्रतिनिधित्व हुने गरी ७ जना – सदस्य

ङ) नगर युवा क्लबको अध्यक्ष वा प्रतिनिधि – सदस्य

च) फरक क्षमता भएका खेलाडी मध्येबाट नगर कार्यपालिकाले मनोनित गरेको एक जना – सदस्य

छ) नगरपालिकाको शिक्षा, यूवा तथा खेलकुद शाखाको प्रमुख वा निजले तोकेको अधिकृत –सदस्य सचिव

३) समितिको बैठकमा खेलक्षेत्रसँग सम्बन्धित विज्ञ तथा सुरक्षा निकायका प्रमुखलाई आमन्त्रण गर्न सकिने छ।

४) सदस्यहरु मनोनित गर्दा नगरको प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ।

* प्रथम पटक संशोधन मिति :- २०८०/०९/२६

५) समितिको सबै काम कारवाहीको निमित्त आफनो छुट्टै छाप हुनेछ।

६) समितिको चल अचल सम्पत्ति नगरपालिकाको हुनेछ।

७) समितिको सचिवालय नगर कार्यपालिकाको कार्यालयमा रहनेछ।

* ८) समितिको वार्षिक कार्यक्रम नगरपालिकाको सामाजिक विकास समितिले नगरकार्यपालिकामा सिफारिस गर्नेछ।

**४. पदावधि :**

* १) दफा ३ को उपदफा (२) वमोजिम गठित समितिका सदस्यहरुको पदावधी तीन बर्षको हुनेछ।

२) दफा ३ को उपदफा २ बमोजिमको कुनै सदस्यको पद रिक्त भएमा सोही बमोजिम पदपूर्ति गरिनेछ ।

* ३) दफा ३ को उपदफा (२) को खण्ड (ग) र (घ) बमोजिमका मनोनित वा नियुक्त हुने सदस्यले आफनो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा नगर कार्यपालिकाले त्यस्तो सदस्यलाई प्रमाणका आधारमा जुनसुकै बखत हटाउन सक्नेछ । तर त्यसरी हटाउनु पर्दा सम्बन्धित सदस्यलाई सफाइको मौकाबाट बञ्चित गरिने छैन।

**५ सदस्यको अयोग्यता**ः देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैन

क) गैर नेपाली नागरिक,

ख) पदेन बाहेकका कर्मचारी,

ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

घ) १८ वर्ष उमेर पुरा नभएको,

**६. सदस्यता नरहने अबस्था**ः देहायको अवस्थामा सदस्यता खारेज भएको मानिनेछ।

क) दफा ५ बमोजिम सदस्यमा बहाल रहन अयोग्य ठहरीएमा,

ख) राजिनामा गरेमा,

ग) मृत्यु भएमा,

घ) सूचना नदिई लगातार तीन पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा,

ङ) दफा ४ को उपदफा (३) बमोजिम नगर कार्यपालिकाले हटाएमा।

**७. सदस्य सचिवको काम, कर्तव्य र अधिकार**ः

१. सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) खेलकुद समिति सन्बन्धमा निति निर्धारण गर्ने कार्यमा सहयोग गर्ने,

ख) समितिको बैठकको निर्णय प्रमाणिकरण एवं कार्यान्वयन गर्ने, गराउने,

ग) समितिबाट स्वीकृत खेलकुद सम्बन्धी नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

घ) वार्षिक योजना, कार्यक्रम तथा वजेट तयार गरी समिति समक्ष पेश गर्ने,

ड.) वार्षिक प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्ने,

च) समितिले तोकेको अन्य कार्य गर्ने, गराउने।

२. खेलकूद समितिको सदस्य सचिवको रुपमा कार्यरत कर्मचारीलाइ समितिले आफ्नो आयबाट थप प्रोत्साहन उपलव्ध गराउन सक्नेछ।

**८. पद रिक्त हुने अवस्था**ः देहायको अवस्थामा मनोनीत सदस्यको पद रिक्त भएको मानिने छ।

क) नगर प्रमुख समक्ष दिएको लिखित राजिनामा स्वीकृत भएमा तथा नगर कार्यपालिकाले निजलाई पदबाट हटाएमा,

ख ) नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट कसुरदार ठहरेमा,

* प्रथम पटक संशोधन मिति :- २०८०/०९/२६

ग) निजको मृत्यु भएमा ।

**९. समितिको बैठक र निर्णय**

१) अध्यक्षको निर्देशन अनुसार सदस्य सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनु पर्नेछ ।

२) समितिको अध्यक्षता अध्यक्षले गर्नेछन् र निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछन् ।

३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

४) समितिको बैठक सामान्यतया कम्तिमा त्रैमासिक रुपमा बस्नेछ ।

५) एक तिहाई सदस्यले कारण र औचित्य सहित बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले ७ दिन भित्र बैठक बोलाउनु पर्नेछ ।

६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

७) अध्यक्ष तथा सदस्य–सचिवले बैठकको निर्णय प्रमाणित गर्नु पर्नेछ ।

८) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. समितिको काम, कर्तव्य र अधिकार:** दफा ३ बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) खेलकुद सम्बन्धी नीति तथा कार्यक्रमको विषयमा सुझाव दिने,

ख) नगरस्तरीय लगायतका खेलकुद प्रतियोगिता संचालन गर्ने,

ग) अन्तर नगर, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी तथा आवश्यकता अनुसार अन्य पदाधिकारीलाई पठाउने,

घ) खेलकुदको विकास प्रवर्धन, अनुसन्धान, अध्ययन, तालिम लगायतका कार्य गर्ने गराउने,

ङ) रङ्गशाला, खेलकुद मैदान तथा अन्य खेलकुद संरचनाको निर्माण, सञ्चालन संरक्षण तथा रेखदेख गर्ने गराउने,

च) संस्था तथा विद्यालयहरुमा खेलकुद प्रशिक्षण लगायतका कार्य गर्न आवश्यक सहयोग गर्ने,

छ) आफ्नो तह र मातहतका खेलकुद सम्बन्धी संघ संस्थाको नियमन गर्ने,

ज) स्वदेशी तथा विदेशी प्रशिक्षकबाट प्रशिक्षणको व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनोट गरी विदेशमा समेत तालिम लिन पठाउने तर विदेशी प्रशिक्षक झिकाउँदा समितिले प्रचलित कानून बमोजिम प्रक्रिया पुरा गर्नु पर्नेछ ।

झ) नगरपालिका तथा समितिको स्वीकृत बजेटबाट खेलाडीलाई आर्थिक सहायता तथा खेलवृति प्रदान गर्नको लागि नगर समक्ष सिफारिस गर्ने,

ञ) खेलाडीको स्वास्थ्यको संरक्षण गर्नको लागि आवश्यक व्यवस्था गर्ने, फरक क्षमता भएका व्यक्तिको खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगता सञ्चालन गर्न व्यवस्था गर्ने गराउने,

ट) खेलकुद विकासको लागि गोष्ठी, सेमीनार आयोजना गर्ने,

ठ) खेलकुद पर्यटनको विकास गर्ने,

ड) परम्परागत खेलकुदको संरक्षण र प्रवर्द्धन गर्ने,

ढ) नगर खेलकुद विकासका लागि प्राथमिकीकरण गर्ने गराउने,

ण) खेलाडीको अभिलेख राख्ने,

त) आवश्यकता अनुसार उप–समिति गठन गर्ने,

* थ) अध्यक्षले खेलकुद विकास समितिको बार्षिक प्रतिवेदन नगर प्रमुख मार्फत कार्यपालिका समक्ष पेश गर्ने,

द) खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्था गर्ने गराउने,

ध) नगरपालिका भित्रका संघ, संस्था, क्लवहरुले खेलकुद प्रतियोगीताको आयोजना गर्न स्वीकृति दिने ।

**११. वडा स्तरीय खेलकुद विकास समिति :**

१) नगर खेलकुद विकास समिति मातहतमा वडा स्तरीय खेलकुद विकास समिति रहने छन् ।

२) वडास्तरीय खेलकुद विकास समितिको गठन देहाय बमोजिम हुनेछ ।

क) वडाको वडा अध्यक्ष वा निजले तोकेको व्यक्ति – अध्यक्ष

ख) वडा समितिले तोकेको वडा सदस्य एक जना – सदस्य

ग) नगरमा दर्ता भएको संस्था वा खेलकुद क्षेत्रमा क्रियाशिल व्यक्तिहरुमध्येबाट वडा समितिले मनोनित गरेका एक जना महिला सहित २ जना – सदस्य

* घ) वडामा रहेका उच्च तहको सामुदायिक विद्यालयहरु मध्येबाट वडा समितिले तोकेको एक जना प्रधानाध्यापक वा खेल शिक्षक – सदस्य

३) उपदफा (१) बमोजिम गठन हुने समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१२. खेलकुद सम्बन्धी संस्थाको दर्ता :**

१) खेलकुद सम्वन्धी क्रियाकलाप आयोजना गर्ने क्लव संघ वा संस्थाको दर्ता नगरमा हुनेछ ।

२) यस अघि अन्य निकायमा दर्ता सूचीकरण अध्यावधिक खेलकुद सम्बन्धी संस्था यो ऐन लागु भएपछि यस ऐन बमोजिम दर्ता हुनु पर्नेछ ।

**१३. दर्ताको लागि निवेदन दिनु पर्ने:** दफा १२ बमोजिम नाम दर्ता गराउन चाहने खेलकुद सम्बन्धी संस्थाले देहायका कुरा खुलाई सम्बन्धित वडाको वडास्तरीय खेलकुद विकास समितिको सिफारिस सहित समितिमा नाम दर्ताको लागि निवेदन दिनु पर्नेछ ।

१) संस्थाको नाम र ठेगाना,

२) संचालन गरिने खेलकुद,

३) कार्यकारिणी समितिका सदस्यको नाम, ठेगाना,

४) विधानको प्रमाणित प्रतिलिपि,

५) वार्षिक कार्ययोजना र आयश्रोत,

६) निवेदन शुल्क बापत रु. २०००।– तिरेको रसिद ।

**१४. नाम दर्ता सुचिकरण गर्न सक्ने**:

(१) दफा १४ बमोजिम नाम दर्ता सूचीकरण गराउनको लागि दरखास्त परेमा समितिले १ महिना भित्र आवश्यक जाँचबुझ गरी त्यस्तो संस्थाको नाम दर्ता सुचिकरण गर्न सक्नेछ ।

(२) समिति उपदफा (१) बमोजिम नाम दर्ता भएमा दर्ता गरिएको सूचना र नाम दर्ता गर्न नसकिने भएमा सोको सूचना सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

* प्रथम पटक संशोधन मिति :- २०८०/०९/२६

**१५. विधान संशोधनको सूचनाः**

(१) यो ऐन बमोजिम समितिमा नाम दर्ता सूचीकरण भएको खेलकुद सम्बन्धी संस्थाले दफा १३ बमोजिम नाम दताको लागि दिएको निवेदनमा उल्लेख भएको व्यहोरा वा निवेदन साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नु पर्ने कारण सहितको सूचना तीस दिन भित्र समितिलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम हेरफारको सूचना प्राप्त भएपछि हेरफेर गर्नु पर्ने कारण उचित देखेमा समितिले हेरफेरको व्यहोरा अध्यावधिक गर्नु पर्नेछ ।

**१६. हिसावको श्रेष्ता राख्नुपर्ने :**

१) खेलकुद सम्बन्धी संस्थाले राखेको श्रेष्ता( आम्दानी खर्चको हिसाबको श्रेष्ता ) तोकिएको ढाँचामा राख्नुपर्नेछ ।

२) उपदफा १ बमोजिम खेलकुद सम्बन्धी संस्थाले राखेको श्रेष्ताको जाँचबुझ नगरपालिका वा समितिले जुन सुकै बेला गर्न गराउन सक्नेछ ।

**१७. नवीकरण गर्नु पर्ने :**

(१) यस ऐन बमोजिम दर्ता भएको खेलकुद सम्बन्धी संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र साधारण सभा गरी आफूले वर्षभर गरेको काम र आफ्नो आय व्ययको प्रतिवेदन सहित नवीकरणको लागि समितिमा निवेदन दिनु पर्नेछ ।

(२) दुई वर्षसम्म साधारण सभा नगर्ने तथा नवीकरणको लागि निवेदन पेश नगर्ने संस्थाहरु समितिले खारेज गर्न सक्नेछ ।

(३) नवीकरणको लागि रु. १००० शुल्क लाग्नेछ ।

**१८. निर्देशन दिनेः**

(१) समितिले संस्थालाई खेलकुद विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकुद संस्थाको कर्तव्य हुनेछ ।

(२) उपदफा १ बमोजिम समितिले निर्देशनको पालना नगर्ने खेलकुद सम्बन्धी संस्था वा दफा १६ बमोजिमको समितिले तोकिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेष्ता नराख्ने वा रकम हिनामिना गर्ने र दफा १७ बमोजिम नवीकरण नगर्ने खेलकुद सम्बन्धी संस्थाको दर्ता खारेज गर्न सक्नेछ ।

(३) उपदफा २ वमोजिम समितिले कुनै खेलकुद सम्बन्धी संस्थाको दर्ता खारेज गरेमा त्यसको सूचना सम्बन्धित खेलकुद संस्था र सम्बन्धित वडालाई दिनु पर्नेछ ।

**१९. स्वीकृति लिनु पर्नेः** खेलकुद सम्बन्धी संस्थाले राष्ट्रिय अन्तराष्ट्रिय खेलकद प्रतियोगता वा सुचिकरण, अन्तराष्ट्रिय खेलकुद विषयको सभा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडिलाई पठाउन वा नगरमा हुने खेलकुद प्रतियोगीता, राष्ट्रिय वा अन्तराष्ट्रिय सभा वा सम्मेलनमा अन्य देशका खेलाडी वा अधिकारीलाई आमन्त्रण गर्न प्रचलित कानूनका अतिरिक्त समितिको स्वीकृती लिनु पर्नेछ।

**२०. समितिको कोषः**

(१) समितिको आफ्नो एउटा छुटटै कोष हुनेछ र कोषमा देहायको रकम रहनेछ

क) नेपाल सरकार र प्रदेश सरकार, न.पा. वाट प्राप्त रकम,

ख) खेलकुद सम्बन्धी प्रशिक्षण प्रदान गरे बापतको शुल्क,

ग) खेलकुद सम्बन्धी पूर्वाधार उपयोग गर्न दिए बापतको शुल्क,

घ) खेलकुद प्रतियोगिता गरी आर्जन भएको रकम,

ङ) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरूप प्रदान रकम,

च.) नेपाल सरकारको अनुमतिमा राष्ट्रिय, अन्तराष्ट्रिय संघ संस्था, विदेशी सरकार वा एजेन्सीबाट प्राप्त रकम,

छ) खेलकुद सम्बन्धी संस्थाको दर्ता वा नवीकरण बापत प्राप्त रकम,

ज) अन्य कुनै स्रोतबाट प्राप्त रकम,

२) समितिको नामबाट गरिने सबै खर्च कोषवाट व्यहोरिने छ।

३) समितिको कोषमा संचालनको लागि कुनै बाणिज्य बैंकमा खाता खोलिनेछ।

४) समितिको खाता संचालन समितिले तोकेको समितिको एकजना सदस्य र सदस्य सचिवको संयुक्त दस्तखतबाट हुनेछ।

**२१. लेखा र लेखापरीक्षणः**

१) समितिको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ।

२) समितिको लेखा परीक्षण गैंडाकोट नगरपालिकाको आन्तरिक लेखापरीक्षण शाखाले गर्नेछ।

३) नगरपालिकाले समितिको आय व्ययको लेखा तथा सो सम्बन्धी कागजात नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

**२२. सदस्यको भत्ताः**

१) सदस्यले समितिको बैठकमा भाग लिए बापत प्रति बैठक रु. १००० बैठक भत्ता पाउनेछ। यस्तो भत्ता समितिका सदस्यका अतिरिक्त बढीमा ५ जना सम्म आमन्त्रित सदस्यलाई दिन सकिनेछ।

२) सदस्यले समितिको काम विशेषले भ्रमण गर्नु परेमा नियमानुसार भ्रमण तथा दैनिक भत्ता पाउनेछ।

**२३. अधिकार प्रत्यायोजनः** नगरपालिकाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार अध्यक्ष, सदस्य, दफा (११) बमोजिमको समिति वा कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

**२४. नगरपालिकाले निर्देशन दिन सक्नेः**

१) नगरले खेलकुद विकास गर्नको लागि समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

२) उपदफा (१) बमोजिम नगरपालिकाले दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

**२५. सजाय र कारबाहीः**

१) समितिले देहाय बमोजिमको कसुरमा देहाय बमोजिम सजाय गर्नेछ।

क)समितिले दिएको निर्देशन पालना नगर्ने खेलकुद विकास समिति वा खेलकुद सम्बन्धी संस्थालाई पहिलो पटक चेतावनी सहित पांच हजार वा रुपैयाँ जरिवाना र सोही कसुर दोहोर्‍याएमा समिति वा संस्था खारेजी गर्ने।

ख) कुनै खेलाडी वा खेलाडीको समूह वा प्रशिक्षक वा व्यवस्थापक वा रेफ्रीले खेलको प्रतिस्पर्धाबाट आउने स्वभाविक परिणमलाई प्रतिकुल हुने गरी मिलोमतोमा वा प्रलोभनमा परी खेल खेले वा खेलाएमा, वडास्तरको खेलकुद प्रतियोगिताको हकमा पांच हजार रुपैयाँ जरिवाना र एक वर्ष सम्म सोहीस्तरको खेलबाट प्रतिबन्ध।

नगरस्तरको खेलकुद प्रतियोगिताको हकमा– दश हजार रुपैया जरिवाना र एक वर्ष सम्म सोहीस्तरको खेलवाट प्रतिवन्ध।

२) उपदफा १ बमोजिम समितिले गरेको सजाय उपर चित्त नबुझेमा पैंतीस दिन भित्र नगरपालिका न्यायिक समिति समक्ष उजुर गर्न सकिनेछ।

**२६. नियम बनाउने अधिकार:** यस ऐन कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

**२७. बाधा अड्काउ फुकाउने अधिकार:** यस ऐन कार्यान्वयन गर्न बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ नगर कार्यपालिकाले फुकाउन सक्नेछ।

**२८. नागरिकको कर्तव्य:** खेल खेल्नु र खेलाउनु सबै नागरिकको कर्तव्य हुनेछ।

**२९. यस ऐन बमोजिम हुने:** यस ऐनमा लेखिएका कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

आज्ञाले,
मुक्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत